Regional News Bulletin June 27, 2026

यो आकाशवाणी गान्तोक हो।

## Union Minister visit: IPR

केन्द्रीय मत्स्यपालन मन्त्री जीव रन्जन सिंह तीनदिने औपचारिक भ्रमणका लागि भोलि सिक्किम आइपुग्ने कार्यक्रम छ। मन्त्रीले पर्सी राकदोङ तिनतेक माछा किसान सहकारी संस्थाका सदस्यहरूसँग अन्तरक्रिया गर्न पाङथाङस्थित कोपिला पाण्डेको माछा फार्म तथा मनोरञ्जनात्मक माछापालनको भ्रमण गर्नुहुनेछ। श्री सिंहले जून २९, सोमबारका दिन प्रधानमन्त्री मत्स्य सम्पदा योजना अन्तर्गत ४ लाभार्थीलाई २३ लाख रुपियाँको अनुदान प्रदान गर्नुहुनेछ। त्यसै दिन अपराह्न, मन्त्रीले मुख्यमन्त्री मत्स्य उत्पादन योजना अन्तर्गत कार्प माछापालक किसानहरूलाई माछाको भुर्रा वितरणमा भाग लिने कार्यक्रम छ।

## PMMSY: DD Dulal

मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्रालयका अनुसार, प्रधानमन्त्री मत्स्य सम्पदा योजनाअन्तर्गत, विगत छ वर्षमा सिक्किमका लागि ८३.७२ करोड रुपियाँका परियोजनाहरू स्वीकृत गरिएका छन्। यी परियोजनाहरूको उद्देश्य मत्स्यपालन पूर्वाधारलाई सुदृढ पार्नु, दिगो जलीयपालनलाई प्रवर्धन गर्नु, माछा उत्पादन बढाउनु र माछा किसानहरूको जीविकोपार्जनका अवसरहरू सुधार गर्नु रहेको छ।

## Sikkim tourism stakeholders: Desk

सिक्किमका पर्यटन सरोकारवालाहरूले बङ्गलादेशी नागरिकहरूलाई पर्यटक भिसा जारी गर्न पुनः सुरु गर्ने भारत सरकारको निर्णयको स्वागत गरेका छन्। भिसा आवेदनहरू ज ून २९ देखि सुरु हुनेछ भने जुलाई १ देखि भिसा जारी गरिनेछ। यस निर्णयले सिक्किमको पर्यटन क्षेत्रमा ठूलो प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ, किनकि २०२३ मा बङ्गलादेशमा राजनीतिक अशान्ति सुरु हुनुभन्दा पहिले बङ्गलादेशका पर्यटकहरू राज्यमा यात्रा गर्ने विदेशी पर्यटकहरूको सबैभन्दा ठूलो समूहमध्ये एक थिए।

## DC Mangan: IPR

मङ्गनका जिल्लापाल अनन्त जैनले आफ्नो कार्यालयमा जिल्ला कार्यदलको बैठकको अध्यक्षता गर्नुभयो। बैठक मुख्यतया भोली २८ ज ून, आइतबारको दिन हुने तीव्र पल्स पोलियो खोप चरणका लागि तयारी र कार्यान्वयन रणनीतिहरूको समीक्षा गर्न आयोजना गरिएको थियो। जिल्ला कार्यदलले मङ्गन जिल्लाभरिका सबै योग्य बालबालिकाहरूको सफल कभरेज सुनिश्चित गर्न जिल्ला सूक्ष्म योजना, बुथ व्यवस्था, मोबाइल र ट्रान्जिट टोलीहरूको तैनाथी, खोप आवश्यकताहरू, पर्यवेक्षक संयन्त्र र अन्तर-विभागीय समन्वयको समीक्षा गरेको छ।

## Bhasa Summer Camp: Desk

सिक्किम सरकारको शिक्षा विभागद्वारा आयोजित भारतीय भाषा ग्रीष्मकालीन शिविर २०२६ हिजो सम्पन्न भय◌ो, जुन गत १९ तारिखदेखि २६ तारिखसम्म राज्यभरि आयोजित एकहप्त◌े लामो पहलको समापन हो। ७३६ सरकारी विद्यालयहरूमा सञ्चालन गरिएको शिविरमा विद्यार्थी, शिक्षक र स्थानीय समुदायको उत्साहजनक सहभागिता देखियो। भारतीय भाषा ग्रीष्मकालीन शिविर २०२६ को सफल समापनले बहुभाषिकता, सांस्कृतिक सद्भाव, समावेशी शिक्षा र राष्ट्रिय शिक्षा नीति २०२० को दृष्टिकोणलाई प्रवर्धन गर्ने सिक्किमको प्रयासमा अर्को महत्त्वपूर्ण फड्को मारेको छ।

## Rangpo-Rorathang road opens: Ajay Thami

गत जून २३, २०२६ मङ्गलबार पहिरोका कारण बन्द भएको रम्फू-रोराथाङ सडक हिजो जून २६, २०२६ शुक्रबार साँझदेखि खुला गरिएको छ। GREF का कर्मचारी र मेसिनरीहरूको चार दिनको निरन्तर प्रयासपछि सडक हल्का र भारी दुवै सवारी साधनको आवागमनक◌ा लागि खुला गरिएको छ।

## SNT Launches: Summit Times

सिक्किम राष्ट्रियकृत यातायात, SNT ले सिङ्गताम र सिलगढीबीच सिधा बस सेवा सुरु गरेको छ, जसले यात्रुहरूलाई सुविधाजनक र किफायती यात्रा विकल्प प्रदान गर्दछ। सोमबारदेखि शनिबारसम्म सञ्चालन हुने यस नयाँ मार्गले गर्दा विद्यार्थी, कार्यालय आउजाउ गर्ने, व्यापारी, बिरामी र पर्यटकहरूका लागि यात्रा समय कम हुन्छ र धेरै स्थानान्तरण गरिरहनु पर्दैन, जुन अत्यन्तै फाइदाजनक हुने अपेक्षा गरिएको छ। यस पहलले व्यापार, पर्यटन र आर्थिक गतिविधिमा टेवा पुऱ्याउनुका साथै सिक्किम र पश्चिम

बङ्गालबीचको सम्पर्कलाई सुदृढ पार्ने लक्ष्य राखेको छ। SNT का अधिकारीहरूले सार्वजनिक मागको प्रतिक्रिया स्वरूप यो सेवा सुरु गरिएको जानकारी दिएका छन्।

## Workshop on AI: IPR

सिक्किम सरकारको विज्ञान तथा प्रविधि विभाग, राज्य विज्ञान तथा प्रविधि परिषद्ले सरकारी अधिकारी, विद्यालय प्रमुख, शिक्षकवर्ग र विद्यार्थीहरूका लागि प्रशासनिक तथा शैक्षिक उद्देश्यका लागि ए.आई उपकरणहरू र तिनीहरूको प्रयोगसम्बन्धी तीनदिने कार्यशाला आयोजना गऱ्यो। कार्यक्रमको उद्देश्य प्रशासन र शिक्षा दुवैमा क्षेत्रमा कृत्रिम बुद्धिमत्ता, AI को प्रभावकारी र जिम्मेवार प्रयोगलाई प्रवर्धन गर्नु रहेको थियो।

**आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।**